# प्रेस विज्ञप्ति

विद्युत वितरण प्रणाली स्तरोन्नति तथा विस्तार आयोजनाको कार्यान्वयनका लागि युरोपेली लगानी बैङ्क (European Investment Bank-EIB) बाट करीव रु.१२ अर्व ४१ करोड (१०० मिलियन युरो) बराबरको ऋण सहायता प्राप्त गर्ने सम्बन्धी वित्तीय सम्झौतामा २९ माघ २०७६ (तदनुसार १२ फेब्रुअरी २०२०) का दिन हस्ताक्षर सम्पन्न भएको छ । सम्झौतामा उल्लेखित प्रतिवद्धताको प्रभावकारिताका लागि नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सह-सचिव श्रीकृष्ण नेपालले र यूरोपेली लगानी बैंकका तर्फबाट उक्त बैंकका डाइरेक्टर मारिया स बारागन र लिगल काउन्सेल बोर्जा ओक्जाङ्गोइटीले हस्ताक्षर गरी मेलमार्फत आदान-प्रदान गरिएको छ । हस्ताक्षरित सम्झौताको सक्कल प्रति दुवै पक्षलाई उपयुक्त हुने समयमा आदान प्रदान गरिनेछ ।

नेपालको ५ नं., कर्णाली र सुदूरपश्चिम प्रदेशमा त्यहाँका जनताको विद्युतमा पहुँच बढाउने, विद्युत आपूर्तिको गुणस्तर एवम् दक्षता बढाउने र ऊर्जा व्यापारलाई सहजीकरण गर्ने उद्देश्य रहेको विद्युत वितरण प्रणाली स्तरोन्नति तथा विस्तार आयोजना सन् २०२३ को डिसेम्वर सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । नेपाल विद्युत प्राधिकरणले कार्यान्वयन गर्ने प्रस्तुत आयोजना अन्तर्गत ३३/११ किलो भोल्टका सबस्टेसनहरु तथा ३३ किलो भोल्टका आपूर्ति लाईनहरु निर्माण गर्ने, ११ किलो भोल्टका आपूर्ति लाईनहरु, वितरण ट्रान्सफर्मरहरु र न्यून भोल्टेजका आपूर्ति लाईनहरु निर्माण गर्ने र आयोजनाको कार्यान्वयनमा सहयोग गर्ने क्षमता विकासका क्रियाकलापहरु सञ्चालन हुनेछन् । प्रस्तुत आयोजनामा नपुग हुने रकममध्ये ११२.३ मिलियन अमेरिकी डलर बराबरको ऋण सहयाता एशियाली पूर्वाधार लगानी बैंक (Asian Infrastructure Investment Bank-AIIB) बाट पनि सह-लगानीको रुपमा सम्मिश्रण गर्नका लागि वार्ता सम्पन्न भैसकेको छ ।

२०७६ माघ २९ गते, बुधवार
(१२ फेब्रुअरी २०२०)
अर्थ मन्त्रालय, काठमाडौं ।